श्री ५ को सरकार

## रक्षा मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही नेपाली सेनाको लागि गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा न. पं. वडा नं. ११ अन्तरगतको निम्न बमोजिमको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

एटी तबेलादेखि पश्चिम, सेती नदीदेखि पूर्व, दाताराम समेतको जग्गादेखि दक्षिण, ब्यारेकको परखालदेखि उत्तर यति ४ किल्लाभित्रको कि. नं. १ को जग्गा रोपनी १–६–३–३ पूरै, फूलवारी भन्ने कित्ता १ र ब्याले चौर जाने बाटोदेखि पश्चिम, एटी तबेलादेखि पूर्व, दाताराम समेतको जग्गादेखि दक्षिण, ब्यारेकको परखालदेखि उत्तर यति ४ किल्लाभित्रको कि. नं. २ को जग्गा रोपनी ६–८–१–३ पूरै, र कि. नं. ३ को जग्गा रोपनी ५–४–०–२ पूरै, मजुवा भन्ने कित्ता २ को समेत जम्मा जग्गा रोपनी १३–३–२ (तेह्र रोपनी तीन आना दुई पैसा) को जम्मा मालपोत रू. ।९३ (त्रियानब्बे पैसा) लागेको कित्ता ।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८१६